# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ काठमाण्डौ, जेठ १३ गते २०५० साल अतिरिक्ताङ्क ११(क)

## भाग ३

श्री ५ को सरकार

अर्थ मंत्रालयको

सूचना

## धितोपत्र कारोवार नियमावली, २०५०

धितोपत्र कारोवार ऐन, २०४० को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "धितोपत्र कारोवार नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-
   (क) "ऐन" भन्नाले धितोपत्र कारोवार ऐन, २०४० सम्झनु पर्छ ।
   (ख) "दलाल" भन्नाले नियम ३० बमोजिम धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ ।
   (ग) "धितोपत्र व्यवसायी" भन्नाले नियम ३१ बमोजिम धितोपत्र बजारको सदस्यता प्राप्त कम्पनी वा संगठित संस्था सम्झनु पर्छ।
   (घ) "बजार निर्माता" भन्नाले नियम ३२ बमोजिम धितोपत्र बजारको सदस्यता प्राप्त कम्पनी वा संगठित संस्था सम्झनु पर्छ ।
   (ङ) "अण्डर राइटिंङ्ग" भन्नाले विक्री गर्ने उद्धेश्यले धितोपत्र विक्री गर्न जिम्मा लिने वा विक्री नभएको धितोपत्रहरु आफूले खरीद गरिदिने जिम्मा लिने कार्य सम्झनु पर्छ ।
   (च) "भित्री खवर" भन्नाले सार्वजनिक रुपमा प्रकाशित नभएको धितोपत्र कारोवारको परिमाण वा मूल्यमा असर पर्ने सूचना, खवर, विवरण वा तथ्याङ्क सम्झनु पर्छ ।

## परिच्छेद-२
## धितोपत्र बोर्ड सम्वन्धी व्यवस्था

३. धितोपत्र बोर्डको काम, कर्तव्य र अधिकार: ऐनको दफा ५ मा लेखिएदेखि बाहेक धितोपत्र बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-
   (क) लगानीकर्ताहरुको हितको संरक्षण र संवर्द्धन गरी पूँजी बजारको विकासमा टेवा पुऱ्याउने ।
   (ख) धितोपत्र बजारलाई व्यवस्थित बनाई पूँजी बजारको विकास गर्ने सम्वन्धमा आवश्यक नीति तर्जुमा गर्न श्री ५ को सरकारलाई परामर्श दिने ।
   (ग) धितोपत्र कारोवार सम्वन्धमा श्री ५ को सरकारको नीति कार्यान्वयन गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६

(घ) धितोपत्र बजारको व्यवस्थापन तथा कार्य संचालनको रेखदेख गर्ने।

(ङ) धितोपत्र बजार र धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्तिहरुद्वारा धितोपत्र सम्वन्धमा गरेका काम कारवाहीहरुको जाँचबुझ तथा निरीक्षण गर्ने ।

(च) धितोपत्रहरुको दर्ता गर्ने र निष्काशन गर्न अनुमति दिने ।

(छ) दर्ता तथा सूचीकरण भएका धितोपत्रहरुका सम्वन्धमा आवश्यक विवरण, तथ्याङ्क वा सूचना प्राप्त गर्ने, राख्ने र लगानीकर्ताले हेर्न चाहेमा उपलव्ध गराउने व्यवस्था मिलाउने ।

(ज) धितोपत्र बजार तथा धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनीले धितोपत्र कारोवार गर्दा पालन गर्नु पर्ने शर्तहरु तोक्ने ।

(झ) धितोपत्र बजार तथा धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई धितोपत्र कारोवार संचालन गर्ने सम्वन्धमा आवश्यक निर्देशन दिने ।

(ञ) धितोपत्र बजार मार्फत कारोवार गर्ने संगठित संस्थाले जारी गरेको एकाङ्क वचत कार्यक्रम वा समूहगत वचत कार्यक्रम सम्वन्धी प्रमाणपत्र वा यस्तै हस्तान्तरण योग्य प्रमाणपत्रको दर्ता गर्ने र त्यसको कारोवारलाई नियमित र व्यवस्थित गर्ने ।

(ट) लगानीकर्ताहरुलाई आवश्यक सूचना तथा जानकारी उपलव्ध गराउन गोष्ठी, सेमीनार आदी गर्ने, गराउने ।

(ठ) धितोपत्र कारोवारमा संलग्न अन्तर सहयोगीको निम्ती आवश्यक तालिम कार्यक्रम संचालन गर्ने, गराउने ।

(ड) धितोपत्रको भित्री कारोवार, जालसांज वा अनुचित व्यापार हुन नदिन त्यस सम्वन्धमा अध्ययन, अनुगमन गरी आवश्यक कारवाही चलाउने ।

(ढ) धितोपत्र तथा धितोपत्र बजार संचालन सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

(ण) यस नियमावली अन्तर्गत गरिने काम वा उपलव्ध गराइने सेवाको निमित्त श्री ५ को सरकारको स्वीकृति लिइ सेवा शुल्क वा महशुल लगाउने र सो असुल गर्ने ।

(त) वोर्डको निमित्त आवश्यक कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने तथा नियुक्ती गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) धितोपत्र बजारको सदस्यता प्रदान गर्दा अपनाउनु पर्ने कार्यविधि, योग्यता तथा व्यावसायिक स्तर तोक्ने ।

(द) धितोपत्र बजार वा धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनी वा धितोपत्र दर्ता वा सूचीकरण गराएको संगठित संस्थाले धितोपत्र कारोवार सम्वन्धमा ऐन वा यस नियमावली वा ऐन वा यस नियमावली अन्तर्गत दिइएको निर्देशन विपरित काम गरेमा आवश्यक कारवाही गर्ने र सो को सूचना सार्वजनिक जानकारीको लागि प्रकाशित गर्ने, गराउने ।

(ध) ऐन वा यस नियमावली वा ऐन वा यस नियमावली अन्तर्गत दिइएको निर्देशनको पालना नगर्ने धितोपत्र बजार, धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई निलम्वन गर्ने वा धितोपत्र कारोवार गर्न दिइएको अनुमतिपत्र खारेज गर्ने ।

(न) ऐन वा यस नियमावली वा ऐन वा यस नियमावली अन्तर्गत दिइएको निर्देशन पालन नगर्ने संगठित संस्थाको धितोपत्रको दर्ता खारेज गर्ने वा त्यस्तो धितोपत्र सूचीकरण गराएको भए त्यस्तो सूचीकरण समेत खारेज गर्न लगाउने ।

(प) धितोपत्र बजारको स्वास्थ्य एवं प्रतिस्पर्धात्मक ढंगबाट संचालन गरी धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्नको लागि आवश्यक अन्य काम कारवाहीहरु गर्ने ।

४. भत्ता तथा सुविधा:- (१) वोर्डको वैठकमा भाग लिने प्रत्येक सदस्यले पाउने वैठक भत्ता श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(२) वोर्डको कामको सिलसिलामा कुनै सदस्य भ्रमणमा जानु पर्ने भएमा निजले श्री ५ को सरकारले तोकिदिए बमोजिम दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधाहरु पाउनेछ ।

५. अध्यक्षको काम, कर्तव्य र अधिकार:- अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) वोर्डको प्रशासकिय प्रमुखको रुपमा काम गर्ने ।

(ख) वोर्डद्वारा सम्पादन गर्नु पर्ने दैनिक प्रशासन आफ्नो निर्देशन तथा नियन्त्रणमा संचालन गर्ने, गर्न लगाउने ।

(ग) वोर्डमा कार्यरत कर्मचारीहरुको रेखदेख तथा नियन्त्रण गर्ने ।

(घ) वोर्डको वैठक बोलाउन लगाउने र त्यसको अध्यक्षता गर्ने ।

(ङ) वोर्डको वैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

(च) वोर्डद्वारा गरिएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) श्री ५ को सरकार र वोर्डद्वारा सुम्पिएका अन्य कामहरु गर्ने, गराउने ।

(ज) ऐन, यस नियमावली र वोर्डद्वारा गरिएका निर्णयका अधिनमा रही वोर्डको काम सुव्यवस्थित ढंगबाट संचालन गर्ने सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने ।

६. अध्यक्षको सेवा, शर्त र सुविधा: (१) अध्यक्षको मासिक पारिश्रमिक र निजले पाउने भत्ता तथा अन्य सुविधाहरु श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(२) अध्यक्षको पदावधि समाप्त भएपछि श्री ५ को सरकारले निजलाई पुन: सोहि पदमा नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(३) अध्यक्षले वोर्डका कर्मचारीले पाए सरहको विदाको सुविधा पाउनेछ ।

७. वोर्डको कर्मचारी सम्वन्धी व्यवस्था: (१) वोर्डमा वोर्डद्वारा निर्धारित संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपनियम (१) बमोजिम वोर्डमा रहने कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु वोर्डले श्री ५ को सरकारको स्विकृती लिई निर्धारण गरे बमोजिम हुनेछ।

८. श्री ५ को सरकारले वोर्डलाई अनुदान दिन सक्ने : वोर्डको कार्य संचालनको निमित्त श्री ५ को सरकारले आवश्यक देखेको रकम अनुदान स्वरुप वोर्डलाई दिन सक्नेछ ।

९. वोर्डको कोष : (१) वोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) श्री ५ को सरकार, नेपाल राष्ट्र बैंक र अन्य स्वदेशी तथा विदेशी संघसंस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम ।

तर विदेशी संघ संस्थाबाट कुनै पनि किसिमको सहयोग वा अनुदान रकम प्राप्त गर्नु अघि वोर्डले श्री ५ को सरकारको स्विकृति लिनु पर्नेछ ।

(ख) धितोपत्र दर्ता दस्तुर वापत प्राप्त रकम ।

(ग) धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र दिंदा तथा नविकरण वापत प्राप्त रकम ।

(घ) वोर्डको सम्पत्ति विक्री वा श्रोत परिचालनबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ङ) धितोपत्र बजारले सूचिकृत संगठित संस्था तथा सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाबाट प्राप्त गरेको रकम मध्येबाट जम्मा गरेको रकम ।

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) बमोजिम प्राप्त सबै रकमहरु नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली राखिनेछ ।

(३) वोर्डको तर्फबाट गर्नु वा व्यहोर्नु पर्ने सबै खर्चहरु उप-नियम (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) वोर्डको खाता संचालन वोर्डद्वारा तोकिदिए बमोजिम हुनेछ ।

१०. अक्षयकोषको व्यवस्था: (१) वोर्डले एउटा अक्षय कोषको स्थापना गर्नेछ र सो कोषमा प्रत्येक वर्ष वोर्डले तोकिदिए बमोजिमको रकम जम्मा गरिनेछ ।

(२) अक्षय कोषमा रहेको रकम वोर्डले मुद्धति खातामा राख्न वा श्री ५ को सरकारले निष्काशन गरेको धितोपत्रमा लगानी गर्न सक्नेछ ।

(३) अक्षयकोषमा रहेको रकम मध्येबाट आर्जित आय वाहेक सो कोषमा रहेको रकम खर्च गर्न सकिने छैन ।

११. लेखा र लेखापरिक्षण: (१) वोर्डको हिसाव किताव र श्रेस्ता वोर्डद्वारा निर्धारित ढाँचा र तरिका वमोजिम राखिनेछ ।

(२) वोर्डको हिसाव कितावको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा महालेखा परीक्षकबाट नियुक्त लेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-३
## धितोपत्र बजार सम्वन्धी व्यवस्था

१२. धितोपत्र बजार संचालन गर्ने अनुमतिको लागि निवेदन दिनु पर्ने: (१) धितोपत्र बजार संचालन गर्न, गराउन चाहने संगठित संस्थाले धितोपत्र बजार संचालन गर्ने अनुमतिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा वोर्ड समक्ष निवेदन दिनु पर्नेछ । यसरी दिइने निवेदन साथ अनुसूची-२ मा उल्लेख भए बमोजिमको दस्तुर समेत संलग्न गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ देहायका विवरण तथा कागजातहरु समेत संलग्न गर्नु पर्नेछ:-

(क) संगठित संस्थाको प्रवन्धपत्र तथा नियमावली वा विधान ।

(ख) कुनै ऐन अन्तर्गत गठन भएको संगठित संस्था भएमा सो ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरु ।

(ग) चल तथा अचल सम्पत्तिको विवरण ।

(घ) संस्थापक तथा संचालकहरुको नाम, थर, ठेगाना तथा उनीहरुले लिने शेयर ।

(ङ) संस्थापकहरुको योग्यता तथा अनुभवको विवरण ।

(च) कार्यकारी प्रमुखको नाम, योग्यता र अनुभवको विवरण ।

(छ) धितोपत्र बजार संचालन गर्ने ठाउँ, कारोवारको क्षेत्र र सदस्यता सम्वन्धी कुराहरु ।

(ज) कम्तिमा तीन वर्षको प्रक्षेपित कारोवार आय व्यय विवरण र वासलात समेत समावेश गरिएको धितोपत्र कारोवार सम्वन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन ।

(झ) वोर्डले तोकिदिएको अन्य कुराहरु ।

१३. <u>धितोपत्र बजार संचालन गर्न अनुमति दिने:</u> (१) धितोपत्र बजार संचालन गर्ने अनुमतिको लागि नियम १२ बमोजिम कुनै संगठित संस्थाको निवेदन प्राप्त हुन आएमा वोर्डले उपनियम (२) का अधिनमा रहि आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखेमा त्यस्तो संगठित संस्थालाई अनुसूची-३ बमोजिमको ढाँचामा धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र दिनेछ ।

(२) धितोपत्र बजार संचालन गर्ने अनुमतिको लागि निवेदन दिने संगठित संस्थाले देहायका शर्तहरु पूरा गरेको भएमा मात्र वोर्डले त्यस्तो संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्ने अनुमति दिनेछ:-

(क) शेयरवाला वा सदस्यहरुको दायित्व सिमित हुनेगरि संस्थापित भएको ।

(ख) संगठित संस्थाको नियमावली वा विधानमा शेयरवाला वा सदस्यलाई मुनाफा नवाँडिने कुरा स्पष्ट उल्लेख भएको ।

(ग) श्री ५ को सरकार, नेपाल राष्ट्र बैंक वा श्री ५ को सरकारले तोकेको अरु संगठित संस्था वाहेक दलाल वा धितोपत्र व्यवसायी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९

वा बजार निर्माता मात्र सदस्य वा शेयरवाला हुन सक्ने प्रावधान भएको ।

(घ) संगठित संस्थाको संचालक समितिको सदस्य तथा कार्यकारी प्रमुख धितोपत्र कारोवार वा सम्वन्धित क्षेत्रमा अनुभव प्राप्त भएको ।

(ङ) संगठित संस्थाको आर्थिक स्थिति मजवुत तथा सन्तोषजनक भएको ।

(च) संगठित संस्थाको नियमावली वा विधानमा देहायका कुराहरुको सम्वन्धमा उचित व्यवस्था भएको:- (१) सदस्यता प्रदान गर्ने सम्वन्धमा ।

(२) सदस्यताको लागि चाहिने योग्यता सम्वन्धमा ।

(३) सदस्यता प्राप्त व्यक्तिले पालन गर्नु पर्ने अनुशासन, कारवाही र सदस्यताबाट निष्काशन गर्ने सम्वन्धी प्रावधानहरुका सम्वन्धमा ।

(४) कारोवार गरिने धितोपत्रको सूचिकरण सम्वन्धी प्रावधानहरुका सम्वन्धमा ।

(५) सूचिकरण गरिएको धितोपत्रको खारेजी र सो सम्वन्धमा अपनाइने कार्यविधी सम्वन्धी प्रावधानहरुका सम्वन्धमा ।

(६) सदस्यता प्राप्त व्यक्तिहरुबाट गरिने कारोवारलाई नियमित र व्यवस्थित गर्ने सम्वन्धी आवश्यक प्रावधानहरुका सम्वन्धमा ।

(७) लगानीकर्ताहरुको जानकारीको निमित्त आवश्यक सूचनाहरु दिने वा प्रकाशित गर्ने प्रावधानका सम्वन्धमा ।

(८) धितोपत्र कारोवार सम्वन्धी गलत वा भ्रामक सूचना दिने तथा जालसाँज वा अवैध कारोवार गर्ने जस्ता कामहरु हुन नदिने सम्वन्धमा ।

(९) दलाल वा धितोपत्र व्यवसायीबाट भएका कामहरुको जाँच वा निरीक्षण सम्वन्धमा ।

(१०) दलाल वा धितोपत्र व्यवसायिबाट कारोवारको विवरण सूचनाहरु प्राप्त गर्ने तरिका र कार्यविधि सम्वन्धमा ।

(११) लगानीकर्ताहरुले जम्मा गरेको रकम दलाल वा धितोपत्र व्यवसायीले अन्य व्यवसायमा लगाउन नपाउने कुराका सम्वन्धमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. थप विवरण माग्न सक्ने: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै संगठित संस्थाले धितोपत्र बजार संचालन गर्ने अनुमतिको लागि दिएको निवेदन साथ संलग्न गरेको विवरण तथा कागजातहरुको जाँचबुझ गर्दा बोर्डले आवश्यक देखेमा अन्य थप विवरण तथा कागजात समेत माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम बोर्डले मागेको थप विवरण तथा कागजातहरु सम्वन्धित संगठित संस्थाले पेश नगरेसम्म त्यस्तो संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्ने अनुमति दिइने छैन।

१५. अनुमतिपत्रको अवधि र नविकरण: (१) नियम १३ बमोजिम धितोपत्र बजार संचालन गर्न दिइएको अनुमतिपत्रको अवधि पाँच वर्षको लागि हुनेछ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त हुने ६ महिना अगावै त्यस्तो धितोपत्र बजार संचालन गर्ने अनुमतिपत्र नविकरण गराई सक्नु पर्नेछ। त्यस्तो अनुमतिपत्र नविकरण वापत लाग्ने दस्तुर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र त्यस्तो अनुमतिपत्र नविकरण नगराएमा म्याद नाघेको मितिले ६ महिनासम्म नविकरण दस्तुरको पच्चिस प्रतिशत जरिवाना तिरी नविकरण गराउन सकिनेछ र सो म्याद भित्र पनि नविकरण नगराउने धितोपत्र बजारको अनुमतिपत्र स्वत: खारेज हुनेछ।

१६. अनुमतिपत्र स्थगित वा खारेज गर्ने प्रकृया: (१) ऐनको दफा ७ ङ बमोजिम बोर्डले कुनै धितोपत्र बजारको अनुमतिपत्र स्थगित वा खारेज गर्नु अगावै सम्वन्धित धितोपत्र बजारलाई निश्चित समयावधि तोकि आफ्नो काम कारवाहीमा सुधार गर्ने मुनासिव मौका दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको समयभित्र पनि त्यस्तो धितोपत्र बजारले आफ्नो काम कारवाहीमा सुधार गर्न नसकेमा बोर्डले त्यस्तो धितोपत्र बजारको अनुमतिपत्र बढिमा ६ महिना सम्मको लागि स्थगित गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम धितोपत्र बजारको अनुमतिपत्र स्थगित रहेको समयभित्र नै त्यस्तो धितोपत्र बजारले पुरा गर्नु पर्ने शर्तहरु पुरा गरेमा बोर्डले अनुमतिपत्र स्थगित अवधि समाप्त हुनुभन्दा अगावै पनि त्यस्तो अनुमतिपत्रको स्थगन फुकुवा गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२

(४) उपनियम (२) बमोजिम धितोपत्र बजारको अनुमतिपत्र स्थगित रहेको समयभित्र पनि धितोपत्र बजारले पुरा गर्नु पर्ने शर्त पुरा नगरेमा बोर्डले त्यस्तो धितोपत्र बजारको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद-४
## धितोपत्रको दर्ता र निष्काशन अनुमति

१७. धितोपत्र दर्ताको लागि निवेदन दिनु पर्ने: (१) कुनै संगठित संस्थाले ऐनको दफा ७ च को प्रयोजनको निमित्त धितोपत्र दर्ता गराउनको लागि अनुसूची-४ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ । यसरी दिइने निवेदनसाथ धितोपत्र दर्ता गर्नको लागि लाग्ने अनुसूची-५ बमोजिमको दस्तुर समेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन साथ सम्वन्धित संगठित संस्थाले देहायका विवरण तथा कागजातहरु समेत संलग्न गर्नु पर्नेछ :

(क) संगठित संस्थाको प्रवन्धपत्र, नियमावली र विवरणपत्र ।

(ख) कुनै ऐन अन्तर्गत बनेको संगठित संस्था भएमा सो ऐन अन्तर्गत बनेको नियम तथा विनियमहरु र विवरणपत्र ।

(ग) चल तथा अचल सम्पत्तिको विवरण ।

(घ) निष्काशन भएको वा गरिने धितोपत्रको किसिम, संख्या र अंकित मूल्य रकम र अवधि तथा कुनै धितोपत्रको सम्वन्धमा विशेष अधिकारको व्यवस्था गरिएको भए सो कुरा ।

(ङ) धितोपत्रको निष्काशनका अन्य शर्त तथा सुविधाहरु ।

(च) धितोपत्र प्रिमियम र डिष्काउन्टमा जारी गरिने भएमा त्यसको कारण र औचित्य ।

(छ) पहिले निष्काशन गरिएको र अहिले निष्काशन गरिने धितोपत्रको मूल्यमा फरक पर्ने भएमा त्यसको कारण र औचित्य ।

(ज) पहिले धितोपत्र निष्काशन भैसकेको भए त्यस्तो धितोपत्रको किसिम, संख्या रकम र गत तीन वर्षभित्र भएको कारोवार सम्वन्धी विवरण ।

(झ) निष्काशन गर्न लागिएको धितोपत्रको निष्काशन र विक्री प्रवन्ध र प्रत्याभूति सम्वन्धमा गरिएका वा गरिने व्यवस्था ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) मुनाफा बाँड्ने वा वोनस सम्वन्धमा भएको व्यवस्था ।

(ट) धितोपत्र शेयर भएमा संचालक समितिमा हुने प्रतिनिधित्व सम्वन्धी व्यवस्था ।

(ठ) लेखा परीक्षण भएको विगत तीन वर्षको र आगामी तीन वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाव र वासलात तथा लेखा परीक्षकको नाम र ठेगाना ।

(ड) नयाँ स्थापना भएको संगठित संस्था भएमा सम्भाव्यता अध्ययन प्रतिवेदन र त्यस्तो प्रतिवेदन तयार गर्ने विशेषज्ञको नाम, ठेगाना तथा आगामी तीन वर्षको प्रक्षेपित नाफा नोक्सान तथा वासलात।

(ढ) संस्थापक शेयरवालाहरुको नाम, थर, तिनीहरुले लिने शेयर संख्या र रकम भुक्तानीको किसिम तथा संस्थापक शेयरवालाबाट संचालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था भए सो कुरा ।

(ण) संचालक, प्रवन्धक तथा मुख्य अधिकृतहरुको नाम, थर तथा काम कर्तव्य र अधिकार ।

(त) प्रवन्धपत्र तथा नियमावली र विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, योग्यता ।

(थ) व्यवस्थापन वा अन्य सेवा उपलव्ध गर्ने सम्वन्धमा कुनै सम्झौता भएको भए सो कुरा ।

(द) वोर्डद्वारा तोकिएको अन्य आवश्यक कुराहरु ।

(ध) वोर्डले तोकिदिए बमोजिम अन्य आर्थिक विवरणहरु ।

१८. <u>धितोपत्र दर्ता गर्नु पर्ने</u>: (१) धितोपत्र दर्ता गराउनको लागि नियम १७ बमोजिम कुनै संगठित संस्थाको निवेदन प्राप्त हुन आएमा वोर्डले निवेदन साथ संलग्न विवरण तथा कागजातहरुको आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा त्यस्तो धितोपत्र अनुसूची-६ बमोजिमको धितोपत्र दर्ता कितावमा दर्ता गरी सम्वन्धित संगठित संस्थाको नाम, ठेगाना, कारोवारको किसिम, पूँजीको विवरण तथा अन्य आवश्यक कुराहरु समेत जनाई राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्र दर्ता गर्ने सम्वन्धमा निवेदनसाथ संलग्न विवरण तथा कागजातहरु जाँचबुझ गर्दा आवश्यक देखिएका अन्य थप विवरण तथा कागजातहरु समेत पशे गर्न वोर्डले सम्वन्धित संगठित संस्थासंग माग गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम बोर्डले मागेको थप विवरण तथा कागजातहरु पेश नगरेसम्म त्यस्तो संस्थाको धितोपत्र दर्ता गरिने छैन ।

१९. धितोपत्र निष्काशन गर्ने अनुमतिपत्र दिने: (१) नियम १८ बमोजिम बोर्डले दर्ता कितावमा धितोपत्र दर्ता गरी सकेपछि सम्वन्धित संगठित संस्थालाई अनुसूची-७ बमोजिमको ढाँचामा धितोपत्र निष्काशन गर्ने अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बोर्डले धितोपत्र निष्काशन गर्ने अनुमतिपत्र दिंदा सम्वन्धित संगठित संस्थाले पालन गर्नु पर्ने शर्तहरु समेत तोकी दिन सक्नेछ । यसरी बोर्डले तोकी दिएका शर्तहरु पालन गर्नु सम्वन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

२०. विवरणहरु दाखिल गर्नु पर्ने: (१) धितोपत्र दर्ता गराउने संगठित संस्थाले पहिलो वार्षिक साधारण सभा नभएसम्म धितोपत्र निष्काशन गरेको अवस्थामा घोषित शर्तहरु र आर्थिक तथा वित्तिय संरचनामा कुनै परिवर्तन गर्ने भएमा सो कुरा र प्रथम वार्षिक साधारण सभा बसेको ३५ दिन भित्र उक्त सभामा भएको निर्णयहरु बोर्ड समक्ष पेश गर्नु पर्नेछ। त्यसरी शर्त वा आर्थिक वा वित्तिय संरचनामा कुनै परिवर्तन भएको जानकारी प्राप्त भएपछि बोर्डले सो कुरा लगानीकर्ताको जानकारीको निमित्त राष्ट्रिय स्तरको कुनै प्रमुख पत्र-पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

(२) बोर्डले धितोपत्र दर्ता गराउने संगठित संस्थासंग त्यस्तो कारोबारसंग सम्वन्धित कुनैपनि विवरण, तथ्याङ्क वा सूचना माग गर्न सक्नेछ र त्यस्तो विवरण, तथ्याङ्क वा सूचना बोर्डलाई उपलब्ध गराउनु सम्वन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

२१. बोर्डमा रहेको विवरण तथा कागजात हेर्न सकिने: बोर्डमा रहेको धितोपत्रसंग सम्वन्धित कुनै विवरण, तथ्याङ्क वा सूचना कुनै लगानीकर्ताले हेर्न चाहेमा बोर्डद्वारा निर्धारित शुल्क तिरी हेर्न सकिनेछ ।

## परिच्छेद-५
## धितोपत्र सूचीकरण सम्वन्धी व्यवस्था

२२. धितोपत्र सूचीकरणको लागि निवेदन दिनु पर्ने: (१) ऐनको दफा ८ बमोजिम धितोपत्र सूचीकरण गराउनको लागि सम्वन्धित संगठित संस्थाले अनुसूची -८ बमोजिमको ढाँचामा धितोपत्र बजार समक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदन दिनु पर्नेछ । यसरी दिइने निवेदन साथ अनुसूची-९ बमोजिमको धितोपत्र सूचीकरण शुल्क समेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन साथ सम्वन्धित संगठित संस्थाले देहायका विवरण तथा कागजातहरु समेत संलग्न गर्नु पर्नेछः-

(क) निष्काशन तथा बाँडफाँड भएको धितोपत्रको संख्या र रकम ।

(ख) धितोपत्रको किसिम र कुनै धितोपत्रका सम्वन्धमा विशेष व्यवस्था भए सो कुरा ।

(ग) धितोपत्रमा समान हक (किसिम अनुसार) रहने कुरा ।

(घ) धितोपत्र विदेशी लगानीकर्ताहरुलाई विक्री गरिएको भए त्यसको संख्या, रकम र कुनै सम्झौता भएको भए सो कुरा ।

(ङ) धितोपत्रको पृथकिकरण तथा एकीकरण गर्ने सम्वन्धमा भएको व्यवस्था ।

(च) धितोपत्र बजारसंग सूचनाको आदान प्रदान गर्ने कुरा ।

(छ) सम्वन्धित संगठित संस्थाको आर्थिक स्थिति सम्वन्धमा व्यवस्थापनको प्रतिवेदन ।

(ज) सम्वन्धित संगठित संस्थाको संचालक समितिले सम्वन्धित धितोपत्र सूचीकरण गर्न र सूचीकरण सम्वन्धी नियम, विनियम, तथा शर्तहरु पालन गर्ने गराउने विषयमा लिएको निर्णय सम्वन्धी कुराहरु ।

२३. धितोपत्र सूचीकरण गर्नु पर्नेः (१) धितोपत्र सूचीकरण गराउनको लागि नियम २२ बमोजिम कुनै संगठित संस्थाको निवेदन प्राप्त हुन आएमा धितोपत्र बजारले निवेदनसाथ संलग्न विवरण, कागजात तथा देहायका विषयमा समेत जाँचबुझ गरी त्यस्तो धितोपत्र सूचीकरण गर्न उपयुक्त देखेमा सूचीकरण गरी अनुसूची-१० बमोजिमको ढाँचामा त्यसको जानकारी सम्वन्धित संगठित संस्थालाई दिनु पर्नेछ ।

(क) धितोपत्रको स्वामित्व र बाँडफाँडको स्थिति ।

(ख) धितोपत्रको नामसारी, एकीकरण र टुक्राउने आदि सम्वन्धमा ।

(ग) वर्तमान र सम्भावित आर्थिक स्थिति र कारोवार सम्वन्धमा ।

(२) उपनियम (१) बमोजिम धितोपत्र बजारमा सूचीकृत भएको धितोपत्रको सम्वन्धमा अनुसूची-९ मा उल्लेख भए बमोजिमको सूचीकरण शुल्क वार्षिक शुल्कको रुपमा सम्वन्धित संगठित संस्थाले धितोपत्र बजारलाई प्रत्येक वर्ष बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) धितोपत्र सूचीकरणको लागि दिइने निवेदनसाथ पेश गर्नु पर्ने अन्य कागजात तथा विवरण, सूचीकरण गर्दा अपनाइने कार्यविधि, धितोपत्र सूचीकृत भएका संगठित संस्थाले पालन गर्नु पर्ने शर्तहरु तथा सूचीकरण सम्वन्धी अन्य व्यवस्था सम्वन्धित धितोपत्र बजारको विनिमयमा तोकिए बमोजिम हुनेछ ।

२४. विवरणहरु पेश गर्नु पर्ने: (१) धितोपत्र सूचीकरण गराउने संगठित संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आय व्यय विवरण, वासलात तथा वार्षिक प्रगति प्रतिवेदन सम्वन्धित धितोपत्र बजारमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरणको अतिरिक्त संगठित संस्थाले साधारण सभा समाप्त भएको एक महिना भित्र सो साधारण सभामा पेश भएका प्रस्ताव, छलफल भएका विषय तथा लिइएका निर्णय सम्वन्धी पूर्ण विवरण धितोपत्र बजारमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश गरिने विवरणको अतिरिक्त प्रत्येक वर्ष अर्ध वार्षिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधि भित्रको काम कारवाही सहितको अर्ध वार्षिक प्रगति प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(४) कुनै संचालकले लिएको शेयरको स्वामित्व परिवर्तन भएमा वा कुनै संचालकले लिएको शेयर संख्यामा थपघट भएमा त्यसको सूचना सात दिन भित्र धितोपत्र बजारलाई दिनु पर्नेछ ।

(५) कुनै संगठित संस्थाले आफुले सूचिकरण गराएको धितोपत्रको मूल्य वा कारोवारमा कुनै किसिमको असर पर्ने गरी संगठित संस्थाको हक वा दायित्वमा असर पर्ने गरी सम्पत्तिमा थपघट भएमा वा व्यवस्थापन सम्वन्धी कुनै सम्झौता वा करार गरेमा त्यसको जानकारी धितोपत्र बजारलाई दिनु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि धितोपत्र बजारले आफू कहाँ सूचिकृत भएका धितोपत्रका सम्वन्धमा सम्वन्धित संगठित संस्थासंग जहिलेसुकै पनि आवश्यक विवरण, तथ्यांक वा सूचना माग गर्न सक्नेछ र त्यस्तो विवरण, तथ्यांक वा सूचना धितोपत्र बजारलाई उपलव्ध गराउनु सम्वन्धित संगठित संस्थाको कर्तव्य हुनेछ ।

२५. विवरण पेश गर्नु पर्ने जिम्मेवारी: नियम २४ बमोजिम धितोपत्रसम्वन्धी विवरण, तथ्यांक वा सूचना पठाउनु पर्ने सम्वन्धित संगठित संस्थाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारीले त्यस्तो विवरण तथ्यांक वा सूचना समयमा नपठाएको वा झुठा वा गलत रुपमा पठाएको कारणबाट कुनै लगानीकर्तालाई कुनै हानी नोक्सानी हुन गएमा निज व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायि हुनेछ ।

२६. भित्री कारोवार गर्न नहुने: कुनै संगठित संस्थाको व्यवस्थापनमा संलग्न रहेको व्यक्तिले भित्री सूचना वा खवरको आधारमा आफू वा आफूसंग सम्वन्धित कुनै व्यक्तिलाई फाइदा पुऱ्याउने उद्धेश्यले भित्री कारोवार गर्नु, गराउनु हुँदैन ।

२७. विवरण प्रकाशित गर्नु पर्ने: धितोपत्र बजारले सूचिकृत भएका धितोपत्रहरुको विवरण तथा धितोपत्र सम्वन्धी अन्य सूचना लगानीकर्ताहरुको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

## परिच्छेद-६
## धितोपत्र बजारको सदस्यता सम्वन्धी व्यवस्था

२८. धितोपत्र बजारको सदस्यताको लागि निवेदन दिनु पर्ने: (१) धितोपत्र कारोवार गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले धितोपत्र बजारको सदस्यता लिनको लागि धितोपत्र बजारले तोकेको समयभित्र अनुसूची-११ बमोजिमको ढाँचामा सम्वन्धित धितोपत्र बजार समक्ष निवेदन दिनु पर्नेछ । यसरी दिइने निवेदन साथ धितोपत्र बजारको सदस्यता वापत लाग्ने अनुसूची-१२ बमोजिमको सदस्यता शुल्क समेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धितोपत्र बजारको सदस्यता लिन चाहने व्यक्ति, फर्म वा कम्पनीले निवेदन दिंदा देहायका विवरण तथा कागजातहरु समेत संलग्न गर्नु पर्नेछ :-

(क) दरखास्तवाला व्यक्ति भएमा:-

(१) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(२) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(३) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी ।

(४) कुनै तालिम प्राप्त गरेका भए त्यसको प्रमाणित प्रतिलिपी ।

(ख) दरखास्तवाला फर्म भएमा:

(१) फर्म दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(२) कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(४) फर्म, धनी वा साझेदारहरुको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(५) फर्म, धनी वा साझेदारहरुको योग्यता तथा तालिम सम्वन्धी प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।

(६) साझेदार बीच भएको सम्झौताको प्रतिलिपी ।

(ग) <u>दरखास्तवाला कम्पनी भएमा</u>:

(१) कम्पनीको प्रवन्धपत्र ता नियमावलीको प्रतिलिपी ।

(२) कम्पनीको आन्तरिक नियमावली तथा विनियमावलीको प्रतिलिपी ।

(३) संचालकहरुको नाम, थर र ठेगाना ।

(४) संचालकहरुको योग्यता तथा अनुभवको विवरण ।

(५) पछिल्लो तीन वर्षको लेखा परीक्षण भएको वासलात तथा नाफा नोक्सानको हिसाव ।

(६) तीन वर्ष पुरा नभएका कम्पनीको हकमा सम्पत्तिको विवरण तथा तीन वर्षको प्रक्षेपित नाफा नोक्सानको हिसाव तथा वासलात ।

(३) उपनियम (२) बमोजिम पेश गर्नु पर्ने कागजातको अतिरिक्त सम्वन्धित धितोपत्र बजारको विनियमावलीमा अन्य थप कागजातहरु समेत पेश गर्नु पर्ने व्यवस्था गरिएको भए त्यस्तो कागजातहरु समेत निबेदन साथ संलग्न गरिएको हुनु पर्नेछ ।

२९. <u>सदस्यताको वर्गीकरण</u>: धितोपत्र बजारको सदस्यता दिने प्रयोजनको निमित्त धितोपत्र बजारले देहाय बमोजिम सदस्यताको वर्गिकरण गर्नेछः-

(क) दलाल ।

(ख) धितोपत्र व्यवसायी ।

(ग) बजार निर्माता ।

३०. <u>दलाल:</u> धितोपत्र सोझै आफ्नो नामबाट खरिद नगरी ग्राहकहरुको निमित्त माध्यमको रुपमा मात्र कारोवार गरी धितोपत्र खरिद विक्री तथा तत्सम्वन्धी कार्यमा संलग्न भई काम गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई दलालको सदस्यता दिइनेछ । यसरी धितोपत्र बजारको सदस्यता प्राप्त गर्न दलालले आफ्नो लागि वा आफ्नो नाममा धितोपत्र खरिद गर्नु परेमा वा आफ्नो नाममा रहेको धितोपत्र विक्री गर्नु परेमा धितोपत्र बजारलाई पूर्व सूचना दिई अर्को दलाल मार्फत गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१. धितोपत्र व्यवसायी: संगठित संस्थाले जारी गरेको धितोपत्र आफ्नै नाममा खरिद गरी धितोपत्र बजार मार्फत विक्री गर्ने उद्धेश्यले निष्काशित सबै वा केही धितोपत्र खरिद गर्ने, धितोपत्र निष्काशन सम्वन्धी कार्यमा सघाउने तथा आफ्नो नामबाट मात्र धितोपत्र खरिद विक्री गर्न चाहने फर्म कम्पनी वा संगठित संस्थालाई धितोपत्र व्यवसायीको सदस्यता दिइनेछ ।

३२. धितोपत्र बजार निर्माता: श्री ५ को सरकारले जारी गरेको वा श्री ५ को सरकारको जमानतमा जारी भएका ऋणपत्र वा कम्तिमा तीनवटा संगठित संस्थाहरुको साधारण शेयरमा तरलता प्रदान गर्ने समेत उद्धेश्यले आफ्नो नाममा वा आफ्नो नामबाट धितोपत्र खरिद विक्री गर्ने वचनवद्धताको आधारमा धितोपत्र बजारमा कारोवार गर्ने धितोपत्र निष्काशन सम्वन्धी काममा निष्काशन प्रवन्धक र विक्रेताको रुपमा संघाउने, संगठित संस्थाले जारी गरेको धितोपत्रको प्रत्याभूति गर्ने, विक्री नभएका धितोपत्रहरु आफैंले खरिद गर्ने जस्ता कामहरु गर्न चाहने कम्पनी वा संगठित संस्थालाई धितोपत्र बजार निर्माताको सदस्यता दिइनेछ ।

३३. सदस्यताको लागि आवश्यक योग्यता: (१) दलालको रुपमा सदस्यता लिन चाहने व्यक्ति, फर्म वा कम्पनीको देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) सदस्यता प्राप्त गर्न चाहने व्यक्ति भएमा:-

(१) नेपाली नागरिक हुनु पर्ने ।

(२) उमेर एकाइस वर्ष पुरा गरेको हुनु पर्ने ।

(३) व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा अर्थशास्त्रमा स्नातककोपाधि प्राप्त गरेको वा सोही विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी वोर्ड वा धितोपत्र बजारद्वारा संचालित वा मान्यता प्राप्त संस्थाद्वारा संचालित धितोपत्र सम्वन्धी तालिम प्राप्त गरेको वा धितोपत्र बजार, बैंक, बीमा कम्पनी वा अन्य वित्तिय संस्थामा कर्मचारी वा एजेन्टको रुपमा तीन वर्षसम्म काम गरेको अनुभव प्राप्त वा वोर्ड वा धितोपत्र बजारद्वारा संचालित परीक्षा उत्तिर्ण गरेको हुनु पर्ने ।

(ख) सदस्यता प्राप्त गर्न चाहने फर्म भएमा : फर्मको धनी वा साझेदारहरु खण्ड (क) बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सदस्यता प्राप्त गर्न चाहने कम्पनी भएमा:

(१) प्रचलित कानून बमोजिम शेयरवालाको दायित्व सिमित रहने गरी संस्थापित भएको ।

(२) कम्तिमा पाँचलाख रुपैयां चुक्ता पूँजी भएको ।

(३) कम्तिमा दुईजना कर्मचारी खण्ड (क) बमोजिम योग्यता पुगेको ।

(४) कम्तिमा दुईजना संचालकहरु स्नातक भइ उद्योग वाणिज्य क्षेत्रमा ५ वर्षको अनुभव हासिल गरेको ।

(५) प्रवन्धपत्र तथा नियमावलीमा धितोपत्र व्यवसाय गर्ने मुख्य उद्धेश्य रहेको ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कुनै व्यक्ति वा देहायका व्यक्ति धनी वा साझेदार भएका फर्मलाई सदस्यता दिइने छैन:-

(क) मगज बिग्रेको वा बहुलाएको ।

(ख) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको ।

(ग) कुनै चोरी, ठगि वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेकोमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

(घ) पहिले दिएको सदस्यता धितोपत्र बजारले खारेज गरेको ।

(ङ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको वहालवाला कर्मचारी भएको ।

(३) धितोपत्र व्यवसायी तथा धितोपत्र बजार निर्माताको सदस्यता कम्पनी वा संगठित संस्थालाई मात्र दिइने छ र त्यस्तो सदस्यता प्राप्त गर्न चाहने कम्पनी वा संगठित संस्थाको देहाय बमोजिम योग्यता पुगको हुनु पर्नेछ:-

(क) प्रचलित कानून बमोजिम दायित्व सिमित हुनेगरी संस्थापना भएको ।

(ख) प्रवन्धपत्र र नियमावलीमा धितोपत्र वयवसाय समेत गर्ने कुरा उल्लेख भएको ।

(ग) चुक्ता पूँजी कम्तिमा पचासलाख रुपैया भएको ।

(घ) कम्तिमा दुईजना संचालक स्नातक भई पाँचवर्ष वा सो भन्दा बढी उद्योग वाणिज्य क्षेत्रमा अनुभव प्राप्त भएको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) उपनियम (१) को खण्ड (क) बमोजिमको योग्यता पुगेको कम्तिमा दुईजना कर्मचारी भएको ।

३४. सदस्यताको प्रमाणपत्र दिने: नियम २८ बमोजिम सदस्यताको लागि निवेदन प्राप्त भएपछि धितोपत्र बजारले नियम ३०,३१, ३२ र ३३ का अधिनमा रही आवश्यक जाँचबुझ गरी सम्वन्धित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई सदस्यता दिन उपयुक्त देखेमा सदस्यताको दर्ता कितावमा सम्वन्धित व्यक्ति, फर्म, कम्पनी व संगठित संस्थाको नाम, ठेगाना, कारोवारको किसिम, सदस्यताको किसिम तथा अन्य आवश्यक विवरण खुलाई दर्ता गरी अनुसूची-१३ बमोजिमको ढाँचामा सदस्यताको प्रमाणपत्र दिनेछ ।

३५. सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले पालन गर्नु पर्ने शर्तहरु: (१) धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले देहायका शर्तहरुको पालना गर्नु पर्नेछ:-

(क) धितोपत्र बजारले दिएको आदेश वा निर्देशनको पालन गर्ने ।

(ख) वोर्ड वा धितोपत्र बजारले संचालन गरेको वा तोकेको तालिममा भाग लिने ।

(ग) आफूले गरेको धितोपत्र कारोवारको विवरण, आफ्नो स्वामित्वमा रहेको धितोपत्रको विवरण तथा धितोपत्र बजार वा वोर्डले मागेको विवरण पेश गर्ने ।

(घ) बजार निर्माताको रुपमा समेत सदस्यता प्राप्त गर्ने कम्पनी वा संगठित संस्थाले ऋणपत्र वा श्री ५ को सरकार वा श्री ५ को सरकारको जमानतमा जारी भएका कम्तिमा तीनवटा सूचिकृत संगठित संस्थाको साधारण शेयरको कारोवार गर्ने वचनवद्ध भई खरिद विक्री मूल्य तोकी सोही मूल्यमा खरिद विक्री गर्ने ।

(ङ) वोर्डले तोके बमोजिम आफ्नो कारोवारको वीमा गराउने ।

(च) ग्राहकहरुको हितको सुरक्षाको निमित्त वोर्डले तोके बमोजिम कोषमा रहक जम्मा गर्ने ।

(छ) धितोपत्र बजारले तोकेको स्थान र समयभित्र मात्र कारोवार गर्ने।

(ज) कारोवारबाट आर्जित कमिशन मध्ये धितोपत्र बजारले तोके बमोजिमको रकम धितोपत्र बजारमा बुझाउने ।

-(२) धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले देहायका काम गर्नु हुँदैन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) धितोपत्र बजारलाई कारण सहितको सूचना नदिई तीन महिनाभन्दा बढी कारोवारबाट अलग रहने ।

(ख) धितोपत्र बजारमा राखेको जमानत वा आफ्नो खूद सम्पत्तिमा वोर्ड वा धितोपत्र बजारले तोकिदिएको अनुपात भन्दा बढी दायित्व रहने गरी कारोवार गर्न ।

(ग) दलालले ग्राहकबाट खरिद विक्रीको आदेश प्राप्त नगरी धितोपत्र कारोवार गर्न ।

(घ) धितोपत्र व्यवसायी वा बजार निर्माताले आफ्नो स्वामित्व वा अधिकारमा रहेको भन्दा बढी हुने गरी धितोपत्र विक्री गर्न ।

(ङ) आफ्नो इजाजतपत्र अरुलाई हस्तान्तरण गर्ने वा धितोपत्र बजारको स्वीकृति नलिइ अरु कसैलाई कारोवारमा संलग्न गराउन ।

(च) धितोपत्र बजारलाई प्राप्त नभएका वा सार्वजनिक रुपमा प्रकाशित नभएका तथ्यांक, जानकारी, विवरण, सूचना आदिको आधारमा कारोवार गर्न ।

(छ) गलत वा भ्रामक सूचना वा जानकारी प्रकाशित गर्ने वा प्रचार गर्ने वा अनुचित किसिमबाट धितोपत्रको मूल्यमा प्रभाव पार्न ।

(३) सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले पालन गर्नु पर्ने अन्य शर्तहरु धितोपत्र बजारको विनिमयमा व्यवस्था भए बमोजिम हुनेछ ।

३६. <u>सदस्यताको अवधि:</u> (१) धितोपत्र बजारको सदस्यताको अवधि एक आर्थिक वर्षको हुनेछ र प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सदस्यताको नविकरण गराई सक्नु पर्नेछ । यसरी नवीकरण गराउँदा लाग्ने दस्तुर अनुसूची-१२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र सदस्यताको नविकरण नगराएमा सदस्यता स्वत: समाप्त भएको मानिनेछ र त्यस्तो व्यक्ति, फर्म वा कम्पनीले पुन: सदस्यता लिन चाहेमा नियम २८ बमोजिम पुन: निवेदन दिनु पर्नेछ ।

३७. <u>कमिशन लिन पाउने</u>: धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले धितोपत्र कारोवार गर्दा ग्राहकबाट लिन पाउने कमिशनको दर अनुसूची-१४ मा उल्लेख भए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. धितोपत्र बजारले जमानत लिन सक्ने: धितोपत्र बजारले सदस्यता प्रदान गर्दा सदस्यता प्राप्त गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले गर्ने कारोवारको किसिम र श्रृजना हुन सक्ने दायित्वको आधारमा धरौटी वा बैंक ग्यारेन्टीको माग गर्न सक्नेछ ।

३९. सदस्यता सम्वन्धी अन्य व्यवस्था: यस नियमावलीमा लेखिए देखि बाहेक सदस्यता सम्वन्धी अन्य व्यवस्था धितोपत्र बजारको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

४०. सदस्यताको निलम्वन तथा खारेजी सम्वन्धी कार्यविधि: (१) सदस्यता प्राप्त कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले पालना गर्नु पर्ने शर्त पूरा नगरेमा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई धितोपत्र बजारले सो शर्त पुरा गर्न समयावधि तोकी आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको समयभित्र शर्त पुरा गर्न नसक्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई धितोपत्र बजारले बढीमा तीन महिनासम्मको लागि निलम्वन गर्नेछ र त्यस्तो निलम्वनमा रहेको अवधिभित्र सो शर्त पुरा गरेमा निलम्वन फुकुवा हुनेछ ।

(३) उपनियम (२) बमोजिम निलम्वीत अवधिभित्र पनि शर्त पुरा नगर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाको सदस्यता खारेज गरिनेछ ।

(४) सदस्यता प्राप्त कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले ऐनको दफा २० को वर्खिलाप काम गरेमा पहिलो पटक सचेत गराउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम सचेत गराउँदा पनि पुन: सो काम गरेमा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले प्राप्त गरेको सदस्यता खारेज गरिनेछ ।

(६) धितोपत्र बजारको सदस्यता प्राप्त गर्ने उद्धेश्यले कसैले झुटो विवरण वा कागजात पेश गरी सदस्यता प्राप्त गरेको रहेछ र सो कुरा पछि पत्ता लागेमा त्यस्तो सदस्यता खारेज गरिनेछ ।

(७) यस नियमावली बमोजिम धितोपत्र बजारले गरेको कारवाही वा निर्णयमा चित्त नबुझ्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले त्यस्तो निर्णय भएको मितिले पैंतिस दिनभित्र वोर्ड समक्ष उजुरी दिन सक्नेछ र सो सम्वन्धमा वोर्डले गरेको निर्णय अन्तिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. धितोपत्र बजारमा रहेको विवरण तथा कागजातहरु हेर्न सकिने: (१) धितोपत्र बजारमा रहेका विवरण तथा कागजातहरु लगानीकर्ताले हेर्न चाहेमा धितोपत्र बजारको विनियममा व्यवस्था भए बमोजिमको दस्तुर लिई हेर्न दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लगानीकर्तालाई धितोपत्र सम्वन्धमा लगानी गरेको धितोपत्र कारोवारमा संलग्न सम्वन्धित फर्म, कम्पनी वा संगठित संस्थाको कारोवारसंग सम्वन्धित विवरण तथा कागजातहरु मात्र हेर्न दिइनेछ ।

## परिच्छेद-७
## विविध

४२. ढाँचा तोकिदिन सक्ने: वोर्डले धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र बजार तथा धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले धितोपत्रको सम्वन्धमा राख्नु पर्ने विवरण, तथ्यांक वा सूचना र तत्सम्वन्धी फारामहरुको ढाँचा तोकिदिन सक्नेछ ।

४३. निरीक्षण तथा जाँचबुझ: (१) वोर्डलाई कुनै धितोपत्र दर्ता गराउने संगठित संस्था, धितोपत्र बजार तथा धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले ऐन वा यस नियमावली विपरित कुनै काम गरेकोछ भन्ने कुरा कसैको उजुरी वा अन्य कुनै श्रोतबाट जानकारी हुन आएमा वोर्डले सो सम्वन्धमा सदस्य, अधिकृत कर्मचारी वा अन्य कुनै व्यक्ति वा निकायबाट जाँचबुझ गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्ने अधिकारी तोक्दा वा नियुक्त गर्दा वोर्डले जाँचबुझ गर्ने अधिकारीले अवलम्वन गर्नु पर्ने तरिका र कार्यविधि समेत तोकिदिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त वा तोकिएको अधिकारीले आफ्नो जाँचबुझ प्रतिवेदन वोर्डलाई दिनेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा वोर्डले सम्वन्धित संगठित संस्थाको धितोपत्रको दर्ता खारेज गर्ने, सम्वन्धित धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने वा सम्वन्धित धितोपत्र बजारको सदस्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाको सदस्यता खारेज गर्ने आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम वोर्डले आदेश दिंदा सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई आफ्नो सफाइमा प्रमाण पेश गर्न उचित मौका दिनु पर्नेछ ।

४४. अधिकार प्रत्यायोजन: (१) वोर्डले आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकारकुनै उपसमिति, अध्यक्ष वा सदस्यलाई सुम्पन सक्नेछ ।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारहरु आफ्नो रेखदेख र जिम्मेवारीमा आवश्यकतानुसार वोर्डको अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ ।

४५. भित्री खवर उपलव्ध गराउन नहुने: धितोपत्र वोर्डको सदस्य, संगठित संस्थाको संचालक वा धितोपत्र कारोवारमा संलग्न कुनै पनि व्यक्तिले धितोपत्र वा धितोपत्र कारोवार सम्वन्धमा सार्वजनिक रुपमा प्रकाशन नभएका विवरण, सूचना वा खवरहरु भित्री कारोवारको निमित्त कसैलाई उपलव्ध गराउनु हुँदैन ।

तर आफ्नो कामको सिलसिलामा पेश गर्नु पर्ने वा दिनु पर्ने विवरण, सूचना वा खवर दिएकोमा यस नियमको उल्लंघन गरिएको मानिने छैन।

४६. अनुसूचीमा हेरफेर गर्न सक्ने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि १
(नियम १२ (१) संग सम्वन्धित)
धितोपत्र बजार संचालन गर्न पेश गर्ने
## निवेदन

मिति:

श्री धितोपत्र वोर्ड
................
................

महाशय,

धितोपत्रहरुको कारोवार गराउने गरी धितोपत्र बजार संचालन गर्न इच्छा भएकोले रु. ................को दस्तुर सहित अनुमति पत्रको लागि देहायका विवरणहरु राखी यो निवेदन पेश गरेको छु ।

विवरण:

(१) नाम:
(२) ठेगाना:
(३) उद्धेश्य र कार्यहरु:
(४) स्थापना मिति:
(५) कुन ऐन अन्तर्गत स्थापना भएको:
(६) मूख्य कार्यालय:
(७) अधिकृत पूँजी:
(८) जारी पूँजी:
(९) चुक्ता पूँजी:
(१०) कारोवार गराउने धितोपत्रहरु:
(११) कारोवार गराउने इलाका:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि २
(नियम १२ (१) र १५ (२) संग सम्वन्धित)

धितोपत्र बजार संचालन गर्ने अनुमति प्राप्त गर्ने संगठित संस्थाले अनुमति दस्तुर र नविकरण दस्तुर देहाय बमोजिम धितोपत्र वोर्डमा दाखिला गर्नु पर्नेछ:-

(१) अनुमति दस्तुर दुइलाख रुपैंया
(२) नविकरण दस्तुर एकलाख रुपैंया

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ३
(नियम १३ (१) संग सम्वन्धित)
धितोपत्र बोर्ड
..................काठमाण्डौ

## धितोपत्र बजार संचालन अनुमति पत्र

दर्ता नं.: अ.प.नं:

..................मुख्य कार्यालय रहेको श्री ......................................लाई धितोपत्र कारोवार ऐन, २०४० र सो अन्तर्गतका नियम, विनियम, व्यवस्थाहरु तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही देहायका शर्तहरु पालना गरी धितोपत्र बजार संचालन गर्न यो अनुमति पत्र दिइएको छ ।

नविकरण भएमा बाहेक ये अनुमतिपत्रको वहाली................सम्म रहनेछ ।

शर्तहरु

१.
२.
३.

सही:
नाम:
दर्ता:
मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ४
(नियम १७ (१) संग सम्वन्धित)

श्री धितोपत्र वोर्ड
.................
.............

विषय: धितोपत्र दर्ता गर्ने बारे ।

महाशय,

कम्पनी ऐन, २०२१ को दफा...........बमोजिम श्री ५ को सरकार,.................मा मिति.....................मा पेश गरिएको यस कम्पनीको विवरण पत्र मिति.........................मा स्विकृत भई प्रति शेयर रु. ..........दरको.............कित्ता.......................शेयर सार्वजनिक रुपमा वा परिपत्र विधिद्वारा सर्वसाधारणमा विक्री गर्न उपरोक्त धितोपत्रको दर्ता र निष्काशन अनुमतिको लागि रु. .................. दस्तुर सहितको निवेदन पेश गर्दछौं ।

भवदीय,

..................
अध्यक्ष/प्रवन्ध संचालक/महा प्रवन्धक
.................... कम्पनी लि.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूचि ५
(नियम १७ (१) संग सम्वन्धित)

धितोपत्र निष्काशन अनुमति प्राप्त गर्नको लागि देहाय अनुसार दस्तुर बुझाउनु पर्नेछ :-

| | निष्काशित शेयर रकम | निष्काशित शेयर र रकमको प्रतिशत |
|---|---|---|
| (१) | रु. ५०,००,००० सम्म | ०.२५% |
| (२) | रु. ५०,००,००१ देखि १,००,००,००० | ०.२०% |
| (३) | रु. १,००,००,००१ देखि माथि | ०.१५% |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ६
(नियम १८ (१) संग सम्वन्धित)
धितोपत्र निष्काशन दर्ता किताव

१) कम्पनीको नाम:
२) मुख्य कार्यालय:
३) कम्पनी दर्ता मिति:
४) कारोवार संचालन अनुमति मिति:
५) कारोवार संचालन शुरु मिति:
६) कम्पनीको उद्धेश्य:
७) कारोवार क्षेत्र:
८) अधिकृत पूँजी:
९) जारी पूँजी:
१०) चुक्ता पूँजी:
११) संस्थापकहरु र संचालकहरुको
नाम:
ठेगाना:
र उनीहरुले लिएको पूँजी:

| | | | | |
|---|---|---|---|---|
| १२) शेयर निष्काशन | (क) | सार्वजनिक निष्काशन | रु. | मिति |
| | (ख) | परिपत्र | रु. | मिति |
| | (ग) | वोनस | रु. | मिति |
| | (घ) | हदप्रद निष्काशन | रु. | मिति |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूचि ७
(नियम १९ (१) संग संम्वन्धित)
धितोपत्र वोर्ड

........................
धितोपत्र निष्काशन अनुमति पत्र

......................मुख्य कार्यालय रहेको ............................ लाई धितोपत्र कारोवार ऐन, २०४० को दफा ७ (ज) बमोजिम देहायका शर्तहरु पालना गर्नु पर्ने गरी यो निष्काशन अनुमति पत्र जारी गरिएको छ।

शर्तहरु

१)
२)
३)
४)

सहि:
नाम:
दर्ता:
मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ८
(नियम २२ (१) संग सम्वन्धित)
सुचिकरण निवेदन

.विषय: सुचिकरण गराई दिने वारे।

महाशय,

धितोपत्र कारोवार ऐन २०४० र धितोपत्र सूचिकरण नियमावली, २०४० अनुसार यस बैंक / कम्पनी / संस्थाको धितोपत्र त्यस धितोपत्र बजार मार्फत कारोवार हुन सक्ने गराउन देहायका विवरण भरी यो निवेदन गरेका छौं । हाम्रो तल उल्लेख गरे बमोजिमको शेयर । डिवेन्चर । अग्राधिकार शेयर सूचिकरण गरि दिन हुन अनुरोध छ । साथै, धितोपत्र कारोवार ऐन, २०४० र धितोपत्र कारोवार नियमावली, २०५० अन्तर्गत गर्नु पर्ने कुराहरुको पालना गर्न यस बैंक /कम्पनी / संस्थानलाई मन्जुर भएको व्यहोरा पनि अनुरोध छ ।

१.
२.
३.
४.

अध्यक्ष । प्रवन्ध संचालक । महाप्रवन्धक

---

द्रष्ट्रव्य:-

(क) धितोपत्रको किसिम अनुसार नाम, संस्था र रकम छुट्टा छुट्टै उल्लेख गर्ने ।

(ख) प्रत्येक कोलममा एकै किसिमको धितोपत्रहरु मात्र उल्लेख गर्ने ।

सुचिकरण गराउँदा सम्वन्धित कम्पनी, बैंक, संस्थाले भर्नु पर्ने विवरणहरु

१. कम्पनीको नाम:
२. कुन ऐन अन्तर्गत स्थापना भएको हो:
३. स्थापना मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कम्पनी रहेको स्थान:
५. स्थापना हुँदा प्राइभेट हो वा पब्लीक लि. कम्पनी हो:
६. स्थापना हुँदा प्राइभेट भएमा पब्लीक कम्पनीमा परिणत भएको मिति र तरिका:
७. कम्पनीको दर्ता ठेगाना:
८. कारोवार हुने इलाका:
९. उद्धेश्य र कार्यहरु:
१०. अधिकृत पूँजी:

| | अंकित मूल्य | शेयर संख्या | शेयर रकम |
|---|---|---|---|
| (क) साधारण शेयर: | | | |
| (ख) अग्राधिकार शेयर: | | | |

११. निष्काशित पूँजी:

| | अंकित मूल्य | संख्या | रकम | निष्काशन मिति |
|---|---|---|---|---|
| (क) साधारण शेयर: | | | | |
| (ख) अग्राधिकार शेयर: | | | | |
| (ग) जम्मा निष्काशित शेयर पूँजी: | | | | |

१२. अग्राधिकार शेयर:
(सम्वन्धितले मात्र भर्ने)
(क) संख्या:
(ख) रकम:
(ग) लाभांश दर:
(घ) शर्त तथा विशेष व्यवस्था भए उल्लेख गर्ने:

१३. प्रिमियममा शेयर विक्री भएको भए:
(सम्वन्धितले मात्र भर्ने)
(क) प्रति शेयर प्रिमियम:
(ख) शेयर संख्या:
(ग) प्रति शेयर मूल्य (प्रिमियम सहित):
(घ) प्रति शेयर चुक्ता मूल्य (प्रिमियम बाहेक):
(ङ) कूल प्रिमियम रकम:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. डिबेन्चर:

(सम्वन्धितले मात्र भर्ने)

(क) अधिकृत रकम:

(ख) निष्काशित संख्या:

(ग) प्रति इकाइ मूल्य:

(घ) व्याज दर (प्रतिशत):

(ङ) व्याज मिति:

(च) भुक्तानी मिति:

(छ) शर्त र विशेषताहरु (संलग्न विवरण):

(ज) नगद बिक्री बाहेक अन्य अवस्थाबाट उठाएको भए सो को विवरण:

१५. सुचिकरण गराउने धितोपत्र सम्वन्धी:

(क) शेयर

१. संख्या

(१) साधारण

(२) अग्राधिकार

२. प्रति इकाई मुल्य:

(१) साधारण

(२) अग्राधिकार

३. प्रति शेयर चुक्ता मुल्य:

(१) साधारण

(२) अग्राधिकार

४. कुल शेयर रकम:

(१) साधारण

(२) अग्राधिकार

५. कुल चुक्ता रकम:

(१) साधारण

(२) अग्राधिकार

६. मुल साधारण शेयर:

वोनस शेयर:

७. अन्य:

(ख) डिवेन्चर:

(सम्वन्धितले मात्र भर्ने)



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. रकम:
२. संख्या:
३. व्याज दर प्रतिशत:
४. व्याज दिने मिति:
५. भुक्तानी मिति शर्त र विशेषताहरु:
(विवरण संलग्न गर्न पर्ने)

१६. लाभांश तथा वोनस शेयर वितरण:

(क) आर्थिक वर्ष ............................

| | लाभांश रु. | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १. अन्तरिम | | | |
| २. अन्तिम: | | | |
| ३. जम्मा: | | | |

४. वोनस शेयर वितरण अनुपात (Ratio ................)

(ख) आर्थिक वर्ष ...........................

| | रकम रु. | प्रतिशत |
|---|---|---|
| १. अन्तरिम: | | |
| २. अन्तिम: | | |
| ३. जम्मा: | | |

४. वोनस शेयर वितरण अनुपात (Ratio................)

(ग) आर्थिक वर्ष..................

| | रकम रु. | प्रतिशत |
|---|---|---|
| १. अन्तरिम: | | |
| २. अन्तिम: | | |
| ३. जम्मा: | | |

४. वोनस शेयर वितरण अनुपात (Ratio).........

१७. कम्पनी स्थापना भएँ देखि पुर्नस्थापना, संयुक्तिकरण वा शेयर पूँजीमा घटी बढी गरेर परिवर्तन गरेको भए सो सम्वन्धी विवरण:

१८. नामसरी दस्तुर:

(क) साधारण शेयर (वोनस समेत)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अग्राधिकार शेयर:

(ग) डिवेन्चर:

१९. एकीकरण विभाजन शुल्क:

(क) एकीकरण:

(ख) विभाजन:

(ग) नविकरण वा पुरानोको वदलामा नयाँ दिनु परेमा:

२०. आर्थिक वर्ष समाप्त हुने मितिः

२१. साधारण तथा अन्तरिम र अन्तिम लाभांश दिने समय:

२२. साधारण सभा बस्ने स्थान:

२३. शेयर नामसारी हुने तथा दरखास्त दिन सकिने स्थान:

२४. धितोपत्रको स्वामित्व सम्वन्धी विवरण:

(क) शेयर सम्वन्धमा:

(१) शेयरवालाहरुको संख्या: (क) साधारण

शेयरवाला....

(ख) अग्राधिकार

शेयरवाला....

(२) कूल निष्काशित शेयर संख्या (क) साधारण शेयर........

(ख) अग्राधिकार शेयर.........

(३) बढीमा १०० थान सम्म शेयर ग्रहण गर्ने शेयरवालाहरुको संख्या...

(४) संस्थापक र संचालकहरुले लिएको शेयर संख्यामा र रकम

(५) संस्थापक संचालक तथा कार्यकारी प्रमुख धनी, साझेदार वा शेयर होल्डर भएको फर्म वा कम्पनीले लिएको शेयर संख्या र रकम

(ख) डिवेन्चर (हाल सूचिकरण गरिने):

(१) इकाई मुल्य:

(२) भुक्तानी हुन बाँकी अवधि:

(३) डिवेन्चरवालाहरुको संख्या:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

२५. पछिल्लो साधारण सभा भएको मिति र सभा नम्बर:
२६. पछिल्लो लेखापरीक्षण भएको वर्ष:
२७. पछिल्लो लाभांश वितरण दर र वर्ष:
२८. पछिल्लो वोनस शेयर वितरण अनुपात र वर्ष:
२९. विगत ३ वर्षसम्मको मूल्य कारोवारको विवरण संलग्न गर्नु पर्ने:

अध्यक्ष । प्रवन्ध संचालक । महाप्रवन्धक
................. बैंक । कम्पनी । संस्थान

हामीलाई धितोपत्र बजार संचालन गर्न अनुमति दिइएमा धितोपत्र कारोवार ऐन, २०४० र सो अन्तर्गतका नियम विनियम व्यवस्थाहरु तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही धितोपत्रहरुको कारोवार गराउने छौं ।

माथि उल्लेखित व्यहोराहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा प्रचलित नेपाल कानून बमोजिम व्यहोर्नेछु ।

भवदीय,

.............
अध्यक्ष । प्रवन्ध संचालक । महा प्रवन्धक
.............................. कम्पनी लि.



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि ९
(नियम २२ (१) र २३ (२) संग सम्वन्धित)
सूचिकरण शुल्क तथा वार्षिक शुल्क

| चुक्ता पूँजी | सूचिकरण शुल्क (चुक्ता पूँजीको) | वार्षिक शुल्क |
|---|---|---|
| रु. ५०,००,००० सम्म | ०.१० प्रतिशत वा न्यूनतम रु. ३००० | ५,००० |
| रु. ५०,००,००१ देखि माथि | ०.०७५ प्रतिशत वा न्यूनतम रु. ५०००।- | ७,५०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूचि १०
(नियम २३ (१) संग सम्वन्धित)
...........धितोपत्र विनिमय बजार

मिति:........

श्री..................
.....................
....................

विषय: सूचिकरण गरिएको बारे ।

महाशय,

त्यस ............................को प्रति शेयर..............दरको............कित्ता.................शेयर धितोपत्र कारोवार ऐन, २०४० बमोजिम यस धितोपत्र विनिमय बजारमा कारोवार हुन सक्ने गरी देहायका शर्तहरु पालना गर्नु पर्ने गरी मिति ........................मा सूचिकरण गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

शर्तहरु

बोधार्थ:
श्री धितोपत्र वोर्ड
..................

सही:
नाम:
दर्जा:
मिति:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि-११
(नियम २८(१) संग सम्बन्धित)
धितोपत्र बजारको सदस्यताको लागि पेश गर्ने निवेदन

मिति..................

श्री..............
..............
.............

महाशय,

धितोपत्र कारोवार ऐन, २०४० र सो अन्तर्गतको नियम, विनियम, व्यवस्थाहरु तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही धितोपत्रको कारोवारमा गर्न गराउन इच्छा भएकोले देहायका विवरण भरी यो निवेदन पेश गरेको छु । छौं ।

(क) व्यक्तिको लागि — विवरण

१. नाम थर:
२. ठेगाना: अस्थायी:
स्थायी:
३. बाबुको नाम:
४. बाजेको नाम:
५. पेशा (उद्योग, व्यापार भए कारोवार क्षेत्र):
६. जन्म स्थान:
७. जन्म मिति:
८. शैक्षिक योग्यता:
९. तालिम:
१०. अनुभव:
११. आफूले कारोवार गर्ने गरेको बैंकहरुको नाम:
ठेगाना:
१२. नागरिकता प्रमाणपत्र नं :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जारी मिति:

जारी स्थान:

१३. आयकर चुक्ता प्रमाण पत्र नं.........र मिति:............

१४. अन्य कुनै फर्म वा कम्पनीमा साझेदार वा शेयरवाला रहेको छ भने फर्म वा कम्पनीका नाम कार्य क्षेत्र:

हामीलाई दलालको कार्य गर्न पाउने सदस्यता दिइएमा सम्वन्धित ऐन, नियम, विनिमय, व्यवस्थाहरु तथा त्यस धितोपत्र विनियम बजारको आदेश निर्देशन सदैव पालना गर्न मन्जुर गर्दछु । गर्दछौं ।

माथि लेखिएका विवरणहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा ऐन कानून अनुसार व्यहोर्ने छु । छौं ।

भवदीय

सही............

नाम:............

(ख) फर्म वा साझेदारीको फर्मको लागि:

(१) फर्मको नाम:

(२) दर्ता मिति:

(३) ठेगाना:

(४) फर्म धनी वा साझेदारीको नाम थर:

(५) ठेगाना: अस्थायी:

स्थायी:

(६) बाबुको नाम:

(७) बाजेको नाम:

(८) पेशा:

(९) जन्म स्थान:

(१०) जन्म मिति:

(११) शैक्षिक योग्यता:

(१२) तालिम:

(१३) अनुभव:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

68

(१४) आफुले कारोवार गर्ने बैंक क्षेत्र:
(१५) नागरिकता प्रमाणपत्र नं. :
जारी मिति:
जारी स्थान:
(१६) आयकर प्रमाणपत्र नं. र मिति:
अन्य कुनै फर्म वा कम्पनीको धनी वा साझेदार वा शेयरवाला रहेको छ भने सोको नाम र कारोवार क्षेत्र :
मलाई / हामीलाई दलालको कार्य गर्न पाउने सदस्यता दिइएमा सम्वन्धित ऐन, नियम, विनियम, व्यवस्थाहरु तथा यस धितोपत्र विनिमय बजारको आदेश निर्देशन सदैव पालना गर्न मन्जुर गर्दछु । गर्दछौं ।

माथि लेखिएको विवरणहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा ऐन कानून अनुसार व्यहोर्नेछु ।

..............फर्मका तर्फबाट
फर्म धनी / साझेदार दस्तखत १)
२)
३)
दस्तखत गर्नेको नाम थर:
ठेगाना:

(ग) कम्पनीको लागि:
(१) कम्पनीको नाम:
(२) स्थापना मिति:
(३) स्थापना किसिम (प्राइभेट लि. / पव्लीक लि.) :
(४) अधिकृत पूँजी वा अन्य के छ उल्लेख गर्ने :
(५) चुक्ता पूँजी:
(६) खुद पूँजी
(७) कारोवार संचालन मिति:
(८) कारोवार क्षेत्र:
(९) संस्थापक र संचालकहरुको नाम थर:
ठेगाना:
शेयर स्वामित्व:
शैक्षिक योग्यता:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवसायिक अनुभव:

(१०) अन्य कुनै फर्म वा कम्पनीको धनी वा साभेदार वा शेयरवाला रहेको छ भने कम्पनीको नाम :
कारोवार क्षेत्र:

(११) नियम ३३ (१) (ग) (३) बमोजिमका दुइजना कर्मचारीको खण्ड (क) मा उल्लेखित विवरणहरु:
(क)
(ख)
(ग)

(१२) कारोवार गर्ने बैंकहरुको नाम:
ठेगाना:

(१३) लेखापरीक्षकको नाम:
ठेगाना:

(१४) कर चुक्ता प्रमाण पत्र नं. :
मिति:

(१५) धितोपत्र व्यवसायी तथा बजार निर्माताको लागि आय:
(क) आफ्नै पूँजीबाट कारोवार गर्ने हो वा सामुहिक वचत योजना । कार्यक्रमद्वारा संकलित रकमबाट कारोवार गर्ने हो उल्लेख गर्ने :
..........................................
..........................................
(ख) बजार निर्माण गर्ने धितोपत्रको नाम:
किसिम:
कम्पनीको नाम:
(ग) अन्य

हामीलाई दलाल / धितोपत्र व्यवसायी र बजार निर्माताको सदस्यता दिइएमा सम्वन्धित ऐन, नियम, विनियम व्यवस्थाहरु तथा त्यस बजारको आदेश निर्देशन सदैव पालना गर्न मन्जुर गर्दछौं ।

माथि उल्लेखित विवरणहरु पूर्ण सत्य छन् र त्यसमा फरक परेमा ऐन कानून अनुसार सहनेछु । व्यहोर्नेछु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भवदीय,

दस्तखत :
नाम:
अध्यक्ष । प्रवन्ध संचालक । महाप्रवन्धक

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि १२
(नियम २८ (१) र ३६ (१) संग सम्वन्धित)
सदस्यता शुल्क

धितोपत्र बजारको सदस्यता प्राप्त गर्ने व्यक्ति, फर्म वा कम्पनीले बुझाउनु पर्ने सदस्यता शुल्क र वार्षिक शुल्क :

(१) सदस्यता शुल्क:
(क) धितोपत्र दलालका लागि:
(१) व्यक्तिको लागि रु. १०,०००।-
(२) फर्मको लागि रु. २०,०००।-
(३) कम्पनी वा संगठित संस्थाको लागि रु. ३०,०००।-
(ख) धितोपत्र व्यवसायी तथा बजार निर्माताको लागि:
(१) रु. ५० लाख सम्म खूद पूँजी भएको को लागि रु. ७५,०००।-
(२) रु. ५० लाख भन्दा बढी रु. १ करोड सम्म खूद पूँजी भएकोको लागि रु. १,००,०००।-
(३) रु. १ करोड भन्दा बढी रु. ५ करोड सम्म खूद पूँजी भएकोको लागि रु. १,२५,०००।-
(४) रु. ५ करोड भन्दा बढीको लागि रु. १,५०,०००।-

(२) नविकरण शुल्क (वार्षिक):
(क) धितोपत्र दलालको लागि:
(१) व्यक्तिको लागि रु. ५,०००।-
(२) फर्मको लागि रु. ७,५००।-
(३) कम्पनीको लागि रु. १०,०००।-
(ख) धितोपत्र व्यवसायी तथा बजार निर्माताको लागि:
(१) रु. ५० लाख सम्म खूद पूँजी भएकोको लागि रु. २०,०००।-
(२) रु. ५० लाख भन्दा बढी रु. १ करोड सम्म खूद पूँजी भएकोको लागि रु. ३०,०००।-
(३) रु. १ करोड भन्दा बढी रु. ५ करोड सम्म खूद पूँजी भएकोको लागि रु. ४०,०००।-
(४) रु. ५ करोड भन्दा बढी भएकोको लागि रु. १,००,०००।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८

अनुसूचि १३
(नियम ३४ संग सम्वन्धित)

....................

........................

धितोपत्र विनिमय बजारको सदस्यताको प्रमाणपत्र

दर्ता नं.

प्रमाण पत्रको किसिम: प्र.प.नं.

........................... बस्ने । मुख्य कार्यालय रहेको । श्री ....................... लाई धितोपत्र कारोवार ऐन, २०४० र सो अन्तर्गतका नियम, विनियममा व्यवस्थाहरु तथा अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही देहायका शर्तहरु पालना गरी कारोवार गर्न गराइन यस धितोपत्र विनिमय बजारको सदस्यता प्रदान गरिएको छ । नविकरण भएमा बाहेक यो इजाजतपत्रको वहाली.............. सम्म रहनेछ ।

शर्तहरु

(१) नियम ३३ को (१) र (२) सही:
(२) नाम:
(३) दर्जा:
मिति:

सदस्यता प्रदान मितिः

नविकरण विवरण

| सि.नं. | नविकरण मिति | सदस्यता वहाल रहने अवधि | सम्वन्धित अधिकृतको दस्तखत |
|---|---|---|---|
| (१) | | | |
| (२) | | | |
| (३) | | | |
| (४) | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि १४
(नियम ३७ संग सम्बन्धित)

क. धितोपत्र बजारका सदस्यता प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले लिन पाउने कमिशन:

(१) धितोपत्र शेयर भएमा:

| | |
|---|---|
| रु. २५ हजार सम्मको कारोवार मूल्यमा | १.५०% |
| रु. २५ हजार भन्दा बढी रु. ५०,००० सम्मको कारोवार मूल्यमा | १.४०% |
| रु. ५० हजार भन्दा बढी रु. १ लाख सम्मको कारोवार मूल्यमा | १.३०% |
| रु. १ लाख भन्दा बढी रु. ५ लाख सम्मको कारोवार मूल्यमा | १.२०% |
| रु. ५ लाख भन्दा बढी रु. १० लाख सम्मको कारोवार मूल्यमा | १.१०% |
| रु. १० लाख भन्दा बढीको कारोवार मूल्यमा | १.००% |

(२) धितोपत्र श्री ५ को सरकार वा श्री ५ को सरकारको जमानतमा वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्थानले जारी गरेको ऋण पत्र भएमा:

| | |
|---|---|
| रु. १ लाख सम्मको कारोवारको मूल्यमा | ०.५०% |
| रु. १ लाख भन्दा बढी रु. ५ लाख सम्मको कारोवार मूल्यमा | ०.४०% |
| रु. ५ लाख भन्दा बढी रु. १० लाख सम्मको कारोवार मूल्यमा | ०.३०% |
| रु. १० लाख भन्दा बढी रु. ५० लाख सम्मको कारोवार मूल्यमा | ०.२०% |
| रु. ५० लाख भन्दा बढीको कारोवार मूल्यमा | ०.१०% |

(३) माथि (१) र (२) मा उल्लेखित बाहेक अरु धितोपत्रका हकमा, रु. १ लाख सम्मको कारोवार मूल्यमा ०.७५%



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| रु. १ लाख भन्दा बढी रु. ५ लाख सम्मको कारोवार मूल्यमा | ०.६०% |
| रु. ५ लाख भन्दा बढी रु. १० लाखसम्मको कारोवार मूल्यमा | ०.४५% |
| रु. १० लाख भन्दा बढी रु. ५० लाख सम्मको कारोवार मूल्यमा | ०.३०% |
| रु. ५० लाख भन्दा बढीको कारोवार मूल्यमा | ०.१५% |

(४) माथि (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सदस्यता प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले ग्राहकबाट पाउने कमिशन रु. १५।- भन्दा कम हुने छैन ।

(५) सदस्यता प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले माथि उल्लेखित कमिशनको अतिरिक्त ग्राहकबाट प्रति कारोवार रु. १०।- सेवा शुल्क लिन सक्नेछ ।

ख. तर सदस्यले खुल्ला रुपमा वा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रको विक्री वितरण गर्ने व्यवस्था मिलाउन निष्काशन प्रवन्धक भै सेवा प्रदान गरेमा बढिमा देहाय अनुसार कमिशन लिन सक्नेछन् ।

(१)

| | |
|---|---|
| रु. २५ लाख सम्मको निष्काशनमा विक्री भएको धितोपत्रको मूल्यको | २.२५% |
| रु. २५ लाख भन्दा बढी रु. ५० लाख सम्मको निष्काशनमा विक्री भएको धितोपत्रको मूल्यको | २.००% |
| रु. ५० लाख भन्दा बढी रु. १ करोड सम्म निष्काशनमा विक्री भएको धितोपत्रको मूल्यको | १.७५% |
| रु. १ करोड भन्दा बढी निष्काशनमा विक्री भएको धितोपत्रको मूल्यको | १.५०% |

(२) खुल्ला रुपमा वा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रहरुको अण्डरराइटिंग गरि सेवा प्रदान गर्ने धितोपत्र बजारको सदस्यता प्राप्त कम्पनी वा संगठित संस्थाले आफूले अण्डरराइटिंग गरेको धितोपत्र मूल्यको बढिमा ३ प्रतिशतका दरले अण्डरराइटिंग कमिशन लिन सक्नेछन् ।

(३) खुल्ला रुपमा परिपत्र विधिद्वारा निष्काशन गरिने धितोपत्रहरुको विक्री वितरणमा संलग्न हुने धितोपत्र बजारको सदस्यता प्राप्त दलालले निष्काशन विक्री गर्दा आफूले विक्री गराएको धितोपत्रको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकमको बढिमा ०.५० (सुन्ना दशमलव पचास) प्रतिशतका दरले लिन सक्नेछन् ।

आज्ञाले,
ठाकुर नाथ पन्त
श्री ५ को सरकारको सचिव



मुद्रक: मुद्रण विभाग, सिंहदरवार, काठमाण्डौ ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३) काठमाडौं, जेठ १३ गते २०५० साल (अतिरिक्ताङ्क ११(ख)


## भाग ३

### निर्वाचन आयोगको सूचना

१. राष्ट्रिय सभाका एक जना महिला सदस्यसमेत १२ जना सदस्यहरूको पदावधि २०५० साल असार १२ गते पूरा हुने भई रिक्त हुने स्थान पूर्ति गर्नको लागि हुने निर्वाचनको प्रयोजनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) बमोजिम संसद सचिवालयका महासचिव श्री जीवनलाल सत्याललाई निर्वाचन अधिकृत नियुक्त गरिएको छ ।

२. प्रत्येक विकास क्षेत्रबाट निर्वाचित एक–एक जना राष्ट्रिय सभा सदस्यको पदावधि २०५० साल असार १२ गते पूरा हुने भई रिक्त हुने स्थान पूर्ति गर्नको लागि हुने निर्वाचनको प्रयोजनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) बमोजिम देहायबमोजिम निर्वाचन अधिकृत नियुक्त गरिएको छ ।

(क) पूर्वाञ्चल विकास क्षेत्रका लागि धनकुटा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री हरिवंश त्रिपाठी ।

(ख) मध्यमाञ्चल विकास क्षेत्रका लागि काठमाडौं जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री जागेश्वर सुवेदी ।

(ग) पश्चिमाञ्चल विकास क्षेत्रका लागि कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री गोविन्दकुमार श्रेष्ठ ।

(घ) मध्यपश्चिमाञ्चल विकास क्षेत्रका लागि सुर्खेत जिल्ला अदालतका न्यायाधीश श्री हरिबहादुर बस्नेत ।

(ङ) सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका लागि डोटी जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री दिपककुमार कार्की ।

आज्ञाले,
टेकबहादुर थापा
निर्वाचन आयोगको सचिव


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम पाकिस्तानका लागि शाही नेपाली राजदूत श्री मुकुन्दप्रसाद ढुङ्गेललाई टर्कीको लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम अरब गणतन्त्र इजिप्टका लागि शाही नेपाली राजदूत श्री जितेन्द्रराज शर्मालाई नाइजेरियाका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

### सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम संयुक्त अधिराज्यका लागि शाही नेपाली राजदूत श्री सूर्यप्रसाद श्रेष्ठलाई स्विडेनका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४